# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०१।३१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल विद्युत प्राधिकरण, प्रशारण ग्रिड महाशाखा, हेटौडामा इलेक्ट्रिसियन (तह-३) पदमा कार्यरत विश्वनाथ पुडासैनीको शैक्षिक योग्यताको प्रमाण-पत्र छानविन गरी पाउँ भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय हेटौडाबाट कक्षा-८ (आठ) पास गरेको झुठ्ठा एवं नक्कली प्रमाण-पत्र पेश गरी नेपाल विद्युत प्राधिकरणमा कार्यरत रही लाभ लिएको र निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएकोले निज विश्वनाथ पुडासैनीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला